# नेपाल उद्योग वाणिज्य महासंघ
## Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI


पत्र संख्याः एजिएम १ - ४२/६४ (   १०   )

२०६४/११/८

**श्री सदस्य महानुभावहरु,**
**नेउवामहासंघ ।**

**बिषयः बयालीसौं वार्षिक साधारण सभाको सूचना ।**

महोदय,

यस महासंघको बयालीसौं वार्षिक साधारण सभा [निर्वाचनको लागि हुने] यही २०६४ साल चैत्र १३ गते बुधवारका दिन (तदनुसार २६ मार्च २००८) वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयां बानेश्वर, काठमाडौंमा आयोजना गर्ने निर्णय भए अनुसार सोको सूचना गर्न पाउंदा हर्ष लागेको छ ।

उक्त बयालीसौं वार्षिक साधारण सभा, महासंघका अध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचनको लागि गरिने सभा भएकोले साधारण सभाको समुद्घाटन एवं निर्वाचनको कार्यक्रम निम्न अनुसार मिलाईएको छ :

(क) **समुद्घाटन एवं निर्वाचन कार्यक्रमः**

(क)१ बयालीसौं वार्षिक साधारण सभाको समुद्घाटन गर्ने ।

(क)२ अध्यक्ष पदको उम्मेदवारबाट सभामा आफ्नो नीतिगत मन्तव्य दिने ।

(क)३ महासंघका अध्यक्ष, उपाध्यक्षहरु ३ जना [(क) उद्योग वाणिज्य संघ समूहबाट एक जना (ख) बस्तुगत संघ समूहबाट एकजना र (ग) एशोसिएट सदस्य समूह (द्विराष्ट्रिय संघ वाहेक) बाट एकजना] र कार्यकारिणी समिति सदस्यहरु ५७ जना [क्षेत्रीय प्रतिनिधि (अञ्चल) क्षेत्रबाट १४ जना, उद्योग वाणिज्य संघ क्षेत्रबाट १४ जना, बस्तुगत संघबाट १२ जना, द्विराष्ट्रिय उवासंघबाट १ जना र एशोसिएटबाट १६ जना] गरी जम्मा ६१ जनाको निर्वाचन गर्ने ।

(ख) **उम्मेद्वारी मनोनयन, सभामा प्रतिनिधित्व र शूल्क सम्बन्धमाः**

(ख)१ यस वार्षिक साधारण सभामा माथि खण्ड (क)३ अनुसार अध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन हुने भएकोले अध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यको निर्वाचनमा उम्मेद्वार मनोनयन गर्न इच्छुक सदस्य संघ/संस्थाहरुले आ.व. २०६४।६५ सम्मको वार्षिक सदस्यता शूल्क, उम्मेदवारी शूल्क र प्रतिनिधि शूल्क सहित संलग्न **मनोनयन–पत्र** सहितको **प्रतिनिधि–पत्र** महासंघको नियमावलीको उपनियम ११.४ अनुसार साधारण सभा शुरु हुने ७ दिन अघि अर्थात २०६४ साल चैत्र ६ गते सांझ ६:०० बजे भित्र महासंघको सचिवालयमा दर्ता गराई सक्नु पर्नेछ ।

क्रमशः .... २


P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ–मेल : fncci@mos.com.np

http://www.fncci.org


STOP Child Labour

यसै समय भित्र मनोनयनपत्र, प्रतिनिधिपत्र र निर्णयको प्रतिलिपि फ्याक्सबाट पठाउन सकिनेछ ।

तर यी सबै कागजातको सक्कल प्रतिहरु सभा हुने ३ (तीन) दिन अघि अर्थात २०६४ साल चैत्र १० गते सांझ ६:०० बजे भित्र महासंघमा बुझाई सक्नु पर्नेछ ।

(ख)२ साधारण सदस्य र द्विराष्ट्रिय संघ समेतको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि रहनु पर्नेछ। अध्यक्ष सभामा उपस्थित हुन नसक्ने भएमा महासंघको विधानको दफा २९(३) अनुसार सम्बन्धित सदस्य संघको कार्य समिति/कार्यकारिणी समितिले आफू मध्येबाट मुख्य प्रतिनिधि नियुक्तिको निर्णयको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

(ख)३ महासंघको विधानको दफा २९.१ अनुसार निर्वाचनमा एक भन्दा बढी उम्मेदवार खडा गर्ने साधारण सदस्यले मुख्य प्रतिनिधि र मनोनित उम्मेदवार सहितको प्रतिनिधिमण्डल पठाउनु पर्नेछ। मुख्य प्रतिनिधि र मनोनित उम्मेद्वार सहित जिल्ला/नगर स्तरीय उद्योग वाणिज्य संघ सदस्यले ४ (चार) जना र बस्तुगत संघ सदस्यले २ (दुई) जनासम्मको प्रतिनिधिमण्डल पठाउन सक्नेछ ।

(ख)४ एशोसिएट सदस्य (द्विराष्ट्रिय संघ समेत) को हकमा प्रतिनिधिमण्डलको संख्या १ (एक) मात्र हुने छ। विधान अनुसार एशोसिएट सदस्यको हकमा अधिकार प्राप्त व्यक्ति आफैं वा सोही संस्थाको घटिमा नायव महाप्रबन्धक तहको व्यक्तिलाई मुख्य प्रतिनिधि नियुक्त गरी संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी पठाउनु पर्नेछ। उम्मेद्वार खडा गर्ने द्विराष्ट्रिय संघ र एशोसिएट सदस्यको हकमा उम्मेद्वार स्वयंलाईनै मुख्य प्रतिनिधि नियुक्त गर्नु पर्नेछ ।

सभामा महासंघका कार्यकारिणी समिति सदस्यले प्रतिनिधिमण्डलमा सरिक नभए पनि पदेन प्रतिनिधिको हैसियतले भाग लिन पाउने व्यवस्था छ ।

[ **द्रष्टव्य** : यो पटक पर्यवेक्षकको व्यवस्था नगर्ने निर्णय भएको छ । ]

(ख)५ निर्वाचनका लागि उम्मेद्वार खडा नगर्ने सदस्यको हकमा २०६४।६५ सम्मको महासंघको वार्षिक सदस्यता शूल्क, प्रतिनिधि शूल्क र प्रतिनिधिपत्र २०६४ साल चैत्र १३ गते विहान १०:०० बजे अगावै महासंघको सचिवालयमा बुझाई सक्नु पर्नेछ ।

क्रमशः .... ३

(ग) **प्रतिनिधि शूल्क:**

वार्षिक साधारण सभामा भाग लिने प्रतिनिधिको लागि प्रति व्यक्ति रु. ५००। (पाँच सय) शूल्क लाग्ने छ ।

(घ) **मनोनयन शूल्क तथा उम्मेद्वारको योग्यता:**

(घ)१ अध्यक्ष पदको उम्मेद्वारको लागि मनोनयन शूल्क रु. २५,०००। (पच्चीस हजार) (फिर्ता नहुने) लाग्ने छ ।

(घ)२ उपाध्यक्ष पदको उम्मेद्वारको लागि मनोनयन शूल्क रु. १५,०००। (पन्ध्र हजार) (फिर्ता नहुने) लाग्ने छ ।

(घ)३ अन्य उम्मेद्वारको लागि मनोनयन शूल्क रु. ५,०००। (पाँच हजार) (फिर्ता नहुने) लाग्ने छ ।

(घ)४ अध्यक्ष, उपाध्यक्ष र कार्यकारिणी समितिको सदस्य हुनको लागि विधानको क्रमशः दफा ४४.१, ४६.१ र ४६.३(क) बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ ।

यो बयालीसौं वार्षिक साधारण सभा निर्वाचनको प्रयोजनको लागि गरिने भएकोले विधानको दफा २७.१ को (च) वाहेकको कार्य नहुने व्यहोरा समेत जानकारी गराउँदै तोकिएको समयमा प्रतिनिधित्वको व्यवस्था सहित सभामा भाग लिन निर्देशानुसार अनुरोध गर्दछु ।

**संलग्न:**

१. प्रतिनिधि पत्र ।

२. मनोनयन पत्र ।

भवदीय,

( मेघनाथ न्यौपाने )
का.मु. महानिर्देशक

**बोधार्थ:**

श्री पदाधिकारीज्यूहरु, नेउवामहासंघ ।

श्री का.स. सदस्यज्यूहरु, नेउवामहासंघ ।